**खाता सञ्चालनसम्बन्धी सामान्य नियम तथा बन्देजहरू**

श्री एनआईसी एशिया बैंक लिमिटेड

महोदय,

मेरो/हाम्रो नाममा श्री एनआईसी एशिया बैंक लिमिटेड (यसपछि 'बैंक' भनी सम्बोधन गरिएको) मा चल्ती/बचत/कल/मुद्दती निक्षेप वा अन्य खाता (यसपछि 'खाता' भनी सम्बोधन गरिएको) खोल्न/सञ्चालन गर्न वा मलाई/हामीलाई अन्य बैंकिङ सुविधा उपलब्ध गराउन अनुरोध गर्दछु/गर्दछौं। म/हामी निम्न उल्लिखित शर्त बन्देजहरू (यसपछि 'शर्त' भनी सम्बोधन गरिएको) पालना गर्न र सोको अधीनमा रही खाता सञ्चालन गर्न मञ्जुर छु/छौं। नेपाली वा विदेशी मुद्रामा म/हामीबाट बैंकमा राखिएको सबै निक्षेप चाहे त्यो चल्ती, बचत, कल वा मुद्दती कुनै खातामा राखिएको होस्, त्यो समयसमयमा लागू हुने प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले तोकेको नियमभित्र रही सञ्चालन हुनेछन् भन्ने कुरामा मेरो/हाम्रो पूर्ण मञ्जुरी रहेको छ। बैंक, यसको उत्तराधिकारी वा यसले तोकेको कुनै निकायमा यसपछि खोलिने, सञ्चालन गरिने वा नियमित गरिने जस्तोसुकै प्रकृतिको खाताका लागि पनि यी शर्तहरू लागू हुने कुरामा म/हामी पूर्ण रूपमा जानकार छु/छौं।

एक जनाभन्दा बढी व्यक्तिको नाममा खाता खोलिएको रहेछ भने म र मेरो भन्ने ग्राहक/खातावालाले हामी र हाम्रो भन्ने जनाउँछ। यी शर्त बन्देजहरू खातामा नाम उल्लेख भएका हरेक व्यक्तिहरू (यसपछि सेवाग्राही भनी सम्बोधन गरिएको) का लागि व्यक्तिगत रूपमा वा एक वा बढी वा सबै जनालाई सामूहिक रूपमा बाध्यकारी रूपमा लागू हुनेछन्।

**क) बैंक खाता**

१) देहायका विषयहरूमा म बैंकलाई अख्तियारी प्रदान गर्दछु।

(i) मेरो खाता खोल्नेसम्बन्धी आवेदनले निर्दिष्ट गरिएअनुरूपको खाता सञ्चालन सम्बन्धी निर्देशनमा उल्लेख भएबमोजिमको निर्देशन वा हस्ताक्षरित लिखत बैंकलाई प्राप्त भएपश्चात् सोसम्बन्धमा मैले अन्यथा उल्लेख गरी अर्को लिखित सूचना उपलब्ध नगराएसम्म सोहीबमोजिम आवश्यक कारबाही गर्ने।

(ii) मेरो खातामा रकम भए वा नभए पनि त्यस्तो खाता खर्च लेखी (डेबिट गरी) मैले जारी गरेको चेक, विनिमयपत्र, प्रतिज्ञापत्र, स्थायी भुक्तानी वा अन्य आदेश बमोजिम रकम भुक्तानी गर्न तथा सोझै खाता डेबिट गर्ने, ड्राफ्ट, मेल तथा टेलिग्राफको माध्यमबाट रकमान्तर गर्ने, विदेशी मुद्रा खरिदविक्री गर्नेलगायत खाता सम्बन्धी अन्य कुनै पनि आदेश वा निर्देशन स्वीकार गर्न।

(iii) मेरो कुनै खास वा सबै खाता बन्द गर्नेलगायत खातासम्बन्धी अन्य कुनै पनि आदेश वा निर्देशन स्वीकार गर्न।

२) खातामा जम्मा हुने सम्पूर्ण रकम कानूनी स्रोतबाट कमाइएको हो । खातामा हुने कारोबार कानूनी हुनुपर्नेछ । खाता सम्पत्ति शुद्धिकरणका लागि प्रयोग हुने छैन । बैंकलाई दिइएको खाता/कारोबारसम्बन्धी कुनै जानकारी गलत भएको बैंकलाई शंका लागेमा बैंकले खाता रोक्का राखी खातासम्बन्धी जानकारी सम्बन्धित निकाय अधिकारीलाई बुझाउन सक्नेछ । यस्तो अवस्थामा बैंकले कुनै क्षति वहन गर्नुपर्ने भएमा सोको क्षतिपूर्ति ग्राहकले गर्नुपर्नेछ ।

३) खातामा जम्मा हुने रकम/चेकको आदेशमा कुनै द्विविधा भएमा बैंकले खातामा जम्मा गर्न अस्वीकार गर्न सक्नेछ । यस्तो कारोबारबाट बैंकलाई हुने हानिको क्षतिपूर्ति ग्राहकले बैंकलाई गर्नुपर्ने छ ।

४) चेकबुकसँग जारी गरिएको शर्त बन्देजका बारेमा म जानकार छु । निर्धारित समयसम्ममा सो चेकबुक संकलन नगरेको खण्डमा बैंकले सो रद्द गर्न सक्नेछ र सोबापत लाग्ने शुल्क खातावालाले बेहोर्नुपर्ने कुरा मलाई मञ्जुर छ ।

५) मैले लिखित रूपमा अन्यथा निर्देश गरेको अवस्थामा बाहेक मेरो नाममा बैंकले प्राप्त गरेको कुनै पनि रकम सम्बन्धित खातामा जम्मा हुनेछ भन्ने सम्बन्धमा म जानकार छु ।

६) रकम संकलनका लागि बैंकसमक्ष जम्मा गरिएको कुनै पनि विनिमय साधनका सम्बन्धमा बैंकले केवल मेरो संकलन प्रतिनिधि (एजेन्ट) को रूपमा मात्र कार्य गर्नेछ र सोको रकम असुली (Realization) का सम्बन्धमा बैंकले कुनै पनि जिम्मेवारी वहन गर्ने छैन भन्ने कुरामा म जानकार छु । बैंकसमक्ष जम्मा गरिएको चेक वा अन्य अधिकारपत्र (Other Instruments) को रकम बैंकले संकलन गरी मेरो खातामा जम्मा नगरेसम्म झिक्न सकिने छैन । रकम संकलन हुन नसकेको कुनै अधिकारपत्रबापत भूलवश वा अपवादको रूपमा रकम जम्मा हुन गएमा कुनै पनि समयमा खाता डेबिट गरी असुलउपर गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ । तेस्रो पक्षका नाममा खिचिएको वा भुक्तानी प्राप्तकर्ता (Payee) को नाम बैंकको अभिलेखमा उल्लेख भएबमोजिमको मेरो नामसँग मेल नखाने किसिमको चेक संकलन गर्नमा बैंकले इन्कारी जनाउन सक्नेछ । बैंकले तेस्रो पक्षका नाममा जारी भएका रेखाङ्कृत वा A/C Payee वा सो जानिने त्यस्तै अन्य वाक्यांश उल्लेख भएका कुनै पनि चेक वा ड्राफ्ट खातामा जम्मा गर्न स्वीकार गर्ने छैन । बैंकले विनिमय (Negotiate) संकलन गरेको कुनै पनि अधिकारपत्रको रकम असुली भई नआएको खण्डमा कुनै पनि समयमा बचत खाता डेबिट गरी त्यस्तो अधिकारपत्रको मूल्य बैंकले असुलउपर गर्न सक्नेछ । रकम असुल भई आएपश्चात् त्यस्तो अधिकारपत्रको जुन बैंकसमक्ष खिचिएको हो वा बैंकको करेस्पोण्डेण्ट बैंकबाट अधिकारपत्र फिर्ता भएपश्चात् खाता डेबिट गरिनेछ वा बैंकबाट सोबापतको रकम असुलउपर गरिनेछ ।

७) बैंकले आफ्नो पूर्ण स्वविवेकमा मेरो खाताका लागि कुनै पनि स्वरूपमा मलाई चेक जारी गर्न र कुनै पनि समयमा आफ्नो स्वविवेकमा फिर्ता लिन वा फिर्ता माग गर्न सक्नेछ । त्यस्ता चेकबाहेक अन्य माध्यमबाट रकम झिक्ने सुविधा प्रदान गर्न बैंकले इन्कार गर्न सक्नेछ । बैंकले जारी गरेको चेकलाई हरसमय सुरक्षित तवरले राख्ने जिम्मेवारी मेरो हुनेछ र कथंकदाचित उक्त चेकबुक वा सोमा भएको कुनै पनि चेक हराएमा वा चोरी भएमा तत्काल बैंकलाई सूचित गर्नेछु । मैले सम्बन्धित चेक हराएको अवस्थामा वा कानूनले अनुमति दिएको वा बैंकले मञ्जुर गरेको अन्य कुनै परिस्थितिमा खाताबाट रकम भुक्तानी रोक्का गर्न बैंकलाई लिखित वा मौखिक अनुरोध गरेमा बैंकले आफ्नो पूर्ण

स्वविवेक प्रयोग गरी त्यस्तो अनुरोध स्वीकार गर्न सक्नेछ। मैले वा मेरो तर्फबाट अन्य कुनै व्यक्तिले गर्न सक्ने त्यस्तो अनुरोध बैंकले स्वीकार गरेका कारण वा सोको सिलसिला वा जरियामा बैंकले कुनै हानि, नोक्सानी वा खर्च (कानूनी खर्चसमेत) व्यहोर्नुपरेमा बैंकलाई सोको हर्जना तिर्न बुझाउन म प्रतिवद्ध छु। रकम भुक्तानी गर्दाका बखत बैंकलाई सूचना प्राप्त भइसकेको अवस्थामा बाहेक हराएको वा चोरी भएको चेकको रकम भुक्तानी हुन गएका कारण सृजित कुनै पनि हानि, नोक्सानीका लागि बैंक जिम्मेवार हुने छैन।

८) बैंकले आफ्ना ग्राहकलाई उपलब्ध गराउने अधिविकर्ष वा अन्य वित्तीय सुविधा मलाई समेत उपलब्ध गराउने वा नगराउने भन्ने सम्बन्धमा निर्णय गर्न एकल स्वविवेकीय अधिकार बैंकलाई हुनेछ भन्ने कुरालाई म स्वीकार गर्दछु। एकपटक प्रदान गरिसकेको त्यस्तो सुविधालाई कुनै पनि बखत निरन्तरता दिने वा फिर्ता गर्ने भन्ने सम्बन्धमा स्वविवेक प्रयोग गर्ने अधिकार समेत बैंकमा निहित हुनेछ।

९) कुनै पनि खाता सञ्चालनको क्रममा सृजना हुने ओभरड्राफ्ट (अधिविकर्ष) वा अन्य सुविधाबापतको कुनै पनि दायित्वका लागि म जिम्मेवार हुनेछु र त्यस्तो दायित्व एवम् सो सम्बन्ध अनुसारको कमिशन, अन्य बैंक दर मेरो कुनै पनि खाता डेबिट गरी असुलउपर गर्न म बैंकलाई अख्तियारी प्रदान गर्दछु। साथै, त्यस किसिमको कुनै पनि रकम बैंकले आफ्नो पूर्ण स्वविवेकमा निर्धारण गरिदिएको शर्त तरिका तथा भाखाअनुसार बैंकलाई तिर्ने बुझाउनेछु।

१०) बैंकले उपलब्ध गराएको अधिविकर्ष वा सोसँग सम्बन्धित अन्य कुनै बैंकिङ सुविधाका सम्बन्धमा मेरो खातामा जम्मा गरिदिएको कुनै वा सबै रकमका हकमा, बैंकले सबैभन्दा पहिले त्यस्तो जम्मा भएको रकमबाट अधिविकर्ष वा अन्य बैंकिङ सुविधाका सम्बन्धमा बैंकलाई तिर्नु बुझाउनुपर्ने अन्य रकम पूर्ण रूपमा चुक्ता नभएसम्म सो असुलउपर गर्नेछ। तत्पश्चात् मात्र खातामा जम्मा भएको त्यस्तो रकमबाट बैंकले उक्त अधिविकर्ष वा अन्य बैकिङ सुविधाबापतको सावाँ रकम असुलउपर गर्नेछ।

११) बैंकले समयसमयमा निर्धारण गर्ने आफ्नो शुल्क तालिकामा उल्लेख भएबमोजिम खाताका सम्बन्धमा तोकिएका शुल्क लाग्नेछन्। मलाई सूचनासमेत नदिई कुनै पनि चार्ज, शुल्क, कमिशन, हर्जना, स्रोतमा कर कट्टी, सरकारी विभाग वा निकायहरूको दै दस्तुर वा खाता वा सो खातामा जम्मा भएको रकमका सम्बन्धमा लागू हुने अन्य कुनै पनि किसिमको कर, दायित्व, दै दस्तुर इत्यादि मबाट र/मेरो खाता डेबिट गरी असुलउपर गर्ने अधिकार बैंकमा सदैव रहनेछ।

१२) बैंकलाई खातामा भुलवश प्रविष्ट हुन गएको हिसाब सच्याई पुनः सही हिसाब प्रविष्ट (रिभर्स इन्ट्री) गर्ने अधिकार हुनेछ। त्यसैगरी, बैंकलाई खाताका सम्बन्धमा गरिएको गलत डेबिट इन्ट्री सच्याउनसमेत म बैंकलाई अख्तियारी प्रदान गर्दछु। कथंकदाचित गलत प्रविष्ट हुन गएको रकम मबाट निकालिएको खण्डमा सोको ब्याजसमेतको सोधभर्ना बैंकलाई तोकेको समयभित्र गर्नेछु।

१३) सुरक्षा, संकलन वा अन्य कुनै पनि प्रयोजनका लागि मेरो तर्फबाट बैंकसमक्ष जम्मा गरिएको वा बैंकले मबाट प्राप्त गरेको कुनै पनि सुरक्षण वा सम्पत्ति ग्रहण गर्न तथा मैले लिखित रूपमा निर्देश गरेबमोजिम त्यस्तो कुनै सुरक्षण वा सम्पत्ति फुकुवा वा हस्तान्तरण गर्न वा परित्याग गर्न म बैंकलाई अख्तियारी प्रदान गर्दछु।

१४) निक्षेप तथा सोको भुक्तानी सम्बन्धमा नेपालको प्रचलित कानून तथा नियमनकारी निकायको निर्देशन लागू हुनेछ र नेपालमा अवस्थित एनआईसी एशिया बैंकको जुन शाखामा निक्षेप जम्मा गरिएको हो, सोही शाखाबाट मात्र सोको भुक्तानी हुनेछ । बैंकलाई मान्य हुने परिचयसम्बन्धी कागज प्रमाण पेश गर्न लगाई त्यस्ता रकम जम्मा गर्न तथा रकम झिक्ने सुविधाका लागि बैंकले समयसमयमा निर्धारण गरेको शुल्क लिई नेपालमा रहेका अन्य शाखाहरूबाट रकम जम्मा गर्न वा झिक्न दिने वा नदिने भन्ने सम्बन्धमा स्वविवेक प्रयोग गर्ने अधिकार बैंकलाई हुनेछ ।

१५) कुनै पनि खातामा प्रदान गर्ने ब्याजदर बैंकले समयसमयमा निर्धारण गरेबमोजिम हुनेछ र यस्तो ब्याजदर ग्राहकलाई विभिन्न माध्यमबाट सूचना दिई परिवर्तन गर्न सक्नेछ । बचत खाताहरूमा दैनिक अन्तिम मौज्दातमा ३६५ दिनको एक वर्षको हिसाबले गणना गरी प्रत्येक त्रैमासको अन्त्यमा (आश्विन, पौष, चैत्र र आषाढ) मा भुक्तानी दिइनेछ । मुद्दति निक्षेपमा त्रैमासिक वा/सम्झौताअनुसारको अवधिमा ब्याज भुक्तानी गरिनेछ । ब्याज गणना/भुक्तानी गर्ने आधार बैंकले कुनै पनि समय ग्राहकलाई सूचना नदिई परिवर्तन गर्न सक्नेछ ।

१६) अन्यथा उल्लेख भएको अवस्थामा बाहेक, विदेशी विनिमय वा नेपाली रुपैयाँको आवधिक निक्षेपको भाखा समाप्तिपछि तत्काल पाकेको ब्याजसहितको रकम प्रचलित ब्याजदरमा थप त्यति नै अवधिका लागि बैंकले स्वतः नवीकरण गर्न सक्ने कुरा मलाई मञ्जुर छ । आवधिक निक्षेपको निर्धारित अवधि पूरा हुनुअगावै त्यसमा रहेको रकम झिक्न दिने या नदिने भन्ने सम्बन्धमा बैंकले आफ्नो स्वविवेक प्रयोग गर्न सक्नेछ र यस्तो अवस्थामा अवधि पुगेपछि प्राप्त हुने ब्याज जफत वा कटौती गरी र/वा समयसमयमा परिवर्तन हुने बैंकले निर्धारण गरेको शुल्क (चार्जेज) असुल गरी बैंकले हर्जना लगाउन सक्नेछ ।

१७) विदेशी विनिमयमा खोलिएको खातामा जोखिम निहित रहेको म स्वीकार गर्दछु । तसर्थ त्यस्तो विदेशी विनिमय खाताबाट रकम झिक्नुपर्दा वा जम्मा गर्नुपर्दा त्यस बखत सम्बन्धित विदेशी नोटको उपलब्धता तथा नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारको प्रचलित नियम कानूनको अधीनमा रहेर मात्र झिक्ने वा जम्मा गर्ने सुविधा प्राप्त हुने कुरामा मेरो मञ्जुरी छ । बैंकले आफ्नो स्वविवेकमा खातामा विदेशी विनिमय जम्मा गर्नमा इन्कार गर्न सक्ने कुरामा समेत मेरो मञ्जुरी छ ।

१८) मुद्राको परिवर्तनीयता वा हस्तान्तरणीयता वा रकम भुक्तानीमा बन्देज, माग, अनिश्चितता, युद्धकाल, नागरिक विद्रोह वा बैंकको काबुभन्दा बाहिरका अन्य परिस्थितिका कारण खातामा जम्मा भएको रकम उपलब्ध हुन नसकेमा बैंक जवाफदेही नहुने कुरा म स्वीकार गर्दछु । नेपाल सरकार, नेपाल राष्ट्र बैंक वा अन्य कुनै अधिकारप्राप्त अधिकारी वा निकायले लगाएको बन्देजका कारण बैंकले खातासँग सम्बन्धित मुद्रामा वा अन्य कुनै पनि मुद्रामा रकम भुक्तानी दिन नसकेमा वा त्यस्तो रकम जुन मुद्रामा रकमान्तर गर्नुपर्ने हो सोही मुद्रामा वा अन्य कुनै मुद्रामा रकमान्तर गर्न नसकेमा त्यसबाट उत्पन्न हुन सक्ने परिणामप्रति बैंकको वा नियमन बन्देजको फलस्वरूप व्यहोर्नु पर्न सक्नेलगायतका सम्पूर्ण खर्चहरूसमेतका लागि म स्वयम् जिम्मेवार हुनेछु । सम्बद्ध प्रचलित कानून तथा नियमले व्यवस्था गरेअनुरुप खाताबाट रकम भुक्तानी दिन, रकम झिक्न वा रकमान्तर गर्न बैंकसक्षम भयो या भएन भन्ने सम्बन्धमा बैंकले गरेको निर्णय मलाई अन्तिम र मान्य हुनेछ र सो सम्बन्धमा कुनै प्रश्न गर्ने छैन ।

१९) बैंकले कुनै खास रकमभन्दा कमको विनिमय अधिकारपत्र जारी गर्न रोक लगाएको तथा कुनै परिस्थितिमा झिक्न लागिएको रकम ठूलो परिमाणको भएको बैंकलाई लागेमा अग्रिम सूचना दिएर मात्र भुक्तानी माग गर्ने सम्बन्धमा लगाएको नियम/व्यवस्था मलाई पूर्ण रूपमा मान्य छ।

२०) खातासम्बन्धी हिसाब विवरण (स्टेटमेन्ट अफ एकाउण्ट) बैंकले समयसमयमा निर्धारण गरेबमोजिमको कुनै निश्चित समय अवधिमा तयार गरी बैंकको नियमबमोजिम मलाई उपलब्ध गराउने वा मेलमार्फत पठाइने वा मलाई उपलब्ध हुने किसिमले बैंकमै राखिने भन्ने सम्बन्धमा म जानकार छु। (अन्यथा जानकारी गराएको अवस्थामा बाहेक बचत खातासम्बन्धी हिसाब विवरण त्रैमासिक रूपमा र चल्ती खातासम्बन्धी हिसाब विवरण मासिक रूपमा उपलब्ध गराइनेछ।) कुनै खातासम्बन्धी हिसाब विवरणमा कुनै त्रुटि वा कमीकमजोरी रहे/भएमा सम्बन्धित हिसाब विवरण बैंकले चलानी गरेको मितिले ३० दिनभित्र त्यस्तो हिसाब विवरणमा उल्लेख भएका विषयहरूको त्रुटि, कमीकमजोरीका सम्बन्धमा लिखित रूपमा बैंकलाई सूचित गरिएको अवस्थामा बाहेक त्यस्तो हिसाब विवरणका सम्बन्धमा दाबी विरोध गर्ने हक ग्राहकले फिर्ता लिएको मानी त्यस्तो हिसाब विवरणलाई ठीक, दुरुस्त र अन्तिम मानिनेछ। आवधिक निक्षेप खाताको हकमा भने त्यस्तो खाता रहे/भएको जानिने निस्साबाहेक कुनै पनि हिसाव विवरण पठाइने वा उपलब्ध गराइने छैन। बैंकलाई आफ्नो ठेगाना शुद्ध, यथार्थपरक र पूर्ण रूपमा उपलब्ध गराउने जिम्मेवारी खातावाला स्वयम्को हुनेछ र त्यस्तो ठेगानामा पछि कुनै परिवर्तन हुन गएमा सो सम्बन्धमा तत्काल बैंकलाई जानकारी गराउनुपर्नेछ।

२१) प्रत्येक खातासम्बन्धी हिसाब विवरणको नक्कल प्राप्त गर्न बैंकले समयसमयमा आफ्नो Standard Tarrif of Charges (STC) मा निर्धारण गरेअनुरूपको शुल्क लाग्नेछ। अन्य कुनै बैंकबाट मेरो खाताका सम्बन्धमा बैंकलाई प्राप्त हुन सक्ने कुनै वा सबै सोधपुछका सम्बन्धमा बैंकले आवश्यक जवाफ दिन चाहेमा मलाई कुनै जानकारी नदिई सो सम्बन्धमा जवाफ दिन म बैंकलाई अख्तियारी प्रदान गर्दछु। खाता तथा सोमा रहेको मौज्दातका सम्बन्धमा कुनै अधिकारीबाट जानकारी माग भई त्यस्तो जानकारी उपलब्ध गराउन आवश्यक छ भन्ने कुरामा बैंक विश्वस्त भएमा सो सम्बन्धमा कुनै पनि जानकारी उपलब्ध गराउन म बैंकलाई अख्तियार प्रदान गर्दछु। खातावालालाई टेलिफोनमार्फत खातासम्बन्धी कुनै पनि जानकारी माग भई त्यस्तो जानकारी उपलब्ध नगराइने कुरामा मेरो मञ्जुरी छ।

२२) बैंकलाई पूर्व लिखित सूचना दिई मेरो नाममा रहेको कुनै पनि खाता बन्द गर्न सक्नेछु। तर, बैंक स्वयम्लाई आवश्यक परेको अवस्थामा वा कुनै अदालती वा प्रशासनिक वा अन्य कुनै आदेश निर्देशन पालना गर्ने सिलसिलामा मलाई पूर्व सूचना नदिई वा मउपरको कुनै कर्तव्य उल्लंघन भएबापत दायित्व व्यहोर्नु नपर्ने गरी बैंकले त्यस्तो खाता बन्द गर्न, रोक्का राख्न वा खाताबाट हुने कारोबारलाई निलम्बनमा राख्न सक्नेछ।

२३) कुनै अदालती आदेश वा सम्बद्ध कानूनले गरेको व्यवस्थाअनुसार अधिकारप्राप्त अधिकारी वा निकायले विवरण मागेको अवस्थामा खातासम्बन्धी सूचना प्रवाह गर्न वा अनावश्यक कारबाही गरी बैंकको हित अन्य तवरले सुरक्षित गर्न म बैंकलाई अख्तियारी प्रदान गर्दछु।

२४) बैंकले मलाई कुनै सूचना नदिई पनि खाता बन्द गर्न सक्नेछ भन्ने सम्बन्धमा म जानकार छु। खातामा कुनै भुक्तानीयोग्य निक्षेप रहेको भएमा ६० दिन समय भुक्तान भएपछि मलाई वा ग्राहकहरूमध्ये पहिले नाम उल्लेख भएको

ग्राहकलाई ड्राफ्ट वा भुक्तानी आदेश हुलाक वा कुरियर (मेल) मार्फत पठाउनेछ, तत्पश्चात् खाताका सम्बन्धमा आफ्नो दायित्वबाट बैंक पूर्ण रूपमा मुक्त हुनेछ ।

२५) कुनै पनि खाताका सम्बन्धमा हुने कुनै पनि कारोबारका क्रममा मेरो मृत्यु, अशक्तता वा दामासाही (वा यस्तै खालका अन्य कुनै घटना वा काम कारबाही) सृजित भई सो सम्बन्धमा बैंकले तोकेबमोजिमका आवश्यक कागज प्रमाणसहित बैंकलाई लिखित सूचना प्राप्त नभएसम्म त्यस्तो कारोबारबाट हुन सक्ने कुनै पनि हानि, नोक्सानीबापत बैंकले कुनै पनि दायित्व व्यहोर्नुपर्ने छैन । साथै, कुनै सरकारी कार्यालयको छुट वा हड्ताल, औद्योगिक कारबाही, यन्त्र उपकरणको गडबडी वा ऊर्जा आपूर्तिमा अवरोध तथा अन्य बैंकको काबुभन्दा बाहिरको कुनै पनि परिस्थितिका कारण बैंकले कुनै काम कारबाही नगरेको वा गरेको कारण मउपर पर्नसक्ने कुनै पनि हानि, नोक्सानी वा ढिलासुस्तीका सम्बन्धमा बैंकले कुनै पनि दायित्व व्यहोर्नु पर्नेछैन ।

२६) संयुक्त नाममा खोलिएका खाताहरूको हकमा अन्यथा लिखित सूचना दिएको अवस्थामा बाहेक संयुक्त खातावालाहरूमध्ये कुनै एक जना खातावालाले स्वीकार गरेका सबै चेक, ड्राफ्ट, आदेश, बिल तथा निजबाट हस्ताक्षरित वा दरपीठ गरिएका सबै निर्देशन/नोट तत्कालीन अवस्थामा त्यस्तो खातामा भुक्तानीयोग्य निक्षेप रहेको भए पनि वा खातामा भएको रकमभन्दा बढी रकम झिकिने गरी जारी गरिएको भए पनि वा त्यसरी भुक्तानी माग गरेका कारण खातामा भएको भन्दा बढी र कम झिकिने अवस्था भए पनि बिना कुनै अपवाद त्यस्तो खाता डेबिट गरी स्वीकार तथा रकम भुक्तानी गर्न सक्ने अधिकार मलाई हुने कुरा म स्वीकार गर्दछु । यदि त्यस्ता ग्राहकहरूमध्ये कसैले विवादित निर्देशन जारी गरेमा बैंकलाई चित्त बुझ्ने गरी त्यस्तो विवाद समाप्त नभएसम्म सम्बन्धित खाता सञ्चालनमा बैंकले तत्कालै रोक लगाउन सक्नेछ । त्यस्ता ग्राहकहरू बैंकले निजहरूलाई भुक्तानी गरेको रकम तथा सो सम्बन्धमा बैंकले समयसमयमा निर्धारण गरेको दरमा तिर्नु बुझाउनुपर्ने ब्याज तथा मार्कअप बैंकलाई तिर्ने बुझाउने सम्बन्धमा बैंकप्रति व्यक्तिगत रूपमा र/वा संयुक्त रूपमा जिम्मेवार हुनेछन् ।

२७) ग्राहकको मृत्यु आवश्यकताबमोजिमको प्रक्रिया पूरा गरी भएमा प्रमाणपत्र तथा नाता प्रमाणपत्रको सक्कल वा प्रमाणित नक्कल बैंकसमक्ष पेश भएपश्चात् मात्र खातामा रहेको रकम भुक्तानीका लागि निकासा हुने कुरा मलाई स्वीकार्य छ । खातावालाले अन्यथा निर्दिष्ट गरेको अवस्थामा बाहेक संयुक्त खाताको हकमा कुनै एक खातावालाको मृत्यु भएमा, खातावालामध्येको जीवित खातावालालाई खाताको रकम हस्तान्तरण गरिनेछ । मेरो शेषपछि उक्त खातामा हकदाबी भएमा बैंकको नियमानुसार भुक्तानी प्रक्रिया अगाडि बढाउन सम्पूर्ण अधिकार हस्तान्तरण गर्दछु । साथै, सो प्रक्रिया पूरा गर्न लाग्ने सम्पूर्ण खर्च सोही खाताबाट कट्टा गरी बाँकी रकम दाबी गर्ने व्यक्तिलाई हस्तान्तरण गरिदिन हुन अख्त्यारी प्रदान गर्दछु ।

२९) नाबालकको नाममा खोलिएका खाताहरूको हकमा, नाबालक आफ्नो नाबालक अवस्थामै रहिरहेको भए पनि वा बालिग भए पनि बैंकले सम्बन्धित संरक्षक, बाबुआमा संरक्षक भएको अवस्थामा वा सक्षम निकायबाट अन्यथा सूचना प्राप्त नगरेसम्म खाता खोल्नेसम्बन्धी आवेदनमा नाम उल्लेख भएका संरक्षकबाट प्राप्त निर्देशनबमोजिम नै खाता सञ्चालन सुचारु गर्ने अधिकार बैंकलाई हुनेछ ।

३०) तेस्रो पक्षमार्फत चेकबुक लिन पठाउँदा सो बुझिलिने तेस्रो पक्षको परिचय खुल्ने कागजात र खातावालाले दिएको अख्तियारीसमेत संलग्न गरेर मात्र पठाइनेछ ।

३१) चेकबुकको अग्र तथा अघिल्लो कभर पृष्ठको भित्रपट्टि दिइएका चेक जारी गर्ने तथा सोको सुरक्षासम्बन्धी अन्य शर्त बन्देजहरू मलाई लागू हुनेछन् र मलाई तिनको मतलब र परिणामसमेतको पूर्ण ज्ञान छ ।

३२) बैंकद्वारा माग गरिएको विवरण कागजात पेश नगरिएमा वा खाताबाट ६ महिनाभन्दा बढी समयसम्म कुनै रकम भुक्तानी हुने कारोबार नभएमा, खातामा शून्य वा ऋणात्मक मौज्दात रहन गएमा वा खातामा रहेको मौज्दात खाता खोलेको ६ महिनाभित्र बन्द गर्दा लाग्ने शुल्कभन्दा कम हुन गएमा खाता स्वतः निलम्बन हुन सक्ने कुरामा म/हामी जानकार छु/छौं ।

३३) आफूले झिकी लिएको नगद काउण्टरमै गणना गर्नुपर्ने र त्यस्तो रकममा कुनै कमी वा नपुग हुन गएको पछि थाहा हुन गएमा सो सम्बन्धमा बैंक जवाफदेही नहुने कुरामा मेरो पूर्ण मञ्जुरी छ ।

३४) कुनै कारणसमेत नदेखाई कुनै पनि खाता खोल्न इन्कार गर्ने वा खोलिसकेको खाता रोक्का गर्ने अधिकार बैंकमा सुरक्षित रहने कुरा म स्वीकार गर्दछु । बैंकले खाता खोल्न र वा खोलिसकेको खाता कायम राख्न आवश्यक पर्ने न्यूनतम मौज्दात तोक्न सक्नेछ । तोकिएको न्यूनतम मौज्दात अनिवार्य रूपमा कायम राख्नुपर्नेछ । स्थानीय तथा विदेशी दुवै मुद्रामा खोलिने खाताका सम्बन्धमा तत्काल लागू रहेको न्यूनतम मौज्दातका बारेमा बैंकको रिसेप्सन डेस्कमा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिने कुरामा म जानकार छु ।

३५) खाता खोलिएको १५ दिनभित्र सम्पूर्ण कागजातहरूसहित आवश्यक जानकारी पेश गर्न मञ्जुर गर्दछु/गर्दछौं ।

३६) कुनै कारणवश खाता बन्द भएमा खाता अध्यावधिक गर्न म/हामी स्वयम् उपस्थित हुन मञ्जुर गर्दछु/गर्दछौं ।

३७) खाता सञ्चालन भएको ३ (तीन) वर्षभित्रमा सम्बन्धित शाखामा स्ययम् उपस्थित भई ल्याप्चेसहित सहिछाप गरी खाता अध्यावधिक गर्न मञ्जुर गर्दछु/गर्दछौं । यदि स्ययम् उपस्थित भई ल्याप्चेसहित सहीछाप गरी खाता अध्यावधिक गर्न असमर्थ भई खाता बन्द भएमा मेरो/हाम्रो पूर्ण मञ्जुरी छ ।

३८) पेश गरेको आवश्यक जानकारी तथा कागजात अपुग तथा अनुपयुक्त भएमा बैंकले उक्त आवेदन तथा अनुरोध रद्द गर्न सक्नेछ ।

३९) खाता खोल्दा तथा सञ्चालन गर्दा विभिन्न समयमा बैंकले कागजपत्र, आवश्यक अन्य विवरण तथा जानकारीहरू फोन, इमेल तथा अन्य विद्युतीय माध्यममार्फत मागेमा उक्त विवरण तथा आवश्यक कागजपत्र बुझाउन मञ्जुर गर्दछु/गर्दछौं ।

ख. **फेसिमाइल (प्रतिलिपि हस्ताक्षर) बाट लिइने बैंकिङ निर्देशन**

१) बैंकलाई मैले लिखित रूपमा अन्यथा निर्देश नगरेसम्म फेसिमाइल मेशिनका माध्यमबाट मैले दिने बैंकिङ निर्देशन ( यी शर्तहरूका सम्बन्धमा अन्यथा उल्लेख नभएसम्म मैले माग गरे वा दिएबमोजिमका कुनै पनि निर्देशनसमेत) बमोजिम

कार्य गर्न म बैंकलाई अख्तियार प्रदान गर्दछु तथा बैंकलाई त्यस्तो निर्देशनबमोजिम कार्य गर्नैपर्ने बाध्यता भने हुने छैन ।

२) देहायका कारणहरूले गर्दा सोको सिलसिलामा बैंकले व्यहोर्नुपर्ने वा बैंकउपर सृजना हुन सक्ने सबै प्रकारका कार्यवाही, मुद्दा मामिला, कार्यविधि, लागत दाबी, माग, शुल्क खर्च नोक्सानी तथा अन्य कुनै पनि प्रकारका दायित्वबाट म बैंकलाई मुक्त गर्नुका साथै सोको हर्जनासमेत आफैंले तिरी बुझाई कुनै हानि नोक्सानी हुन दिने छैन ।

(i) मेरो लिखित फेसिमाइल निर्देशन गलत रूपमा वा जालसाजीपूर्ण ढंगले फेरबदल गरी, गलत अर्थ लाग्ने किसिमले वा सूचना आदानप्रदानका क्रममा स्पष्ट बुझ्न नसकिने किसिमबाटै जारी भएको भएता पनि सरसर्ती हेर्दा मैले नै जारी गरेको जस्तो देखिने भई बैंकले त्यस्तो निर्देशनबमोजिम असल नियतमा कुनै काम कारबाही गरेका कारण ।

(ii) कथंकदाचित मेरो लिखित फेसिमाइल निर्देशन बैंकलाई पठाउने वा बैंकले प्राप्त गर्ने क्रममा सम्बन्धित मेशिनको खराबी, गल्ती वा गडबडीका कारण जुन रूपमा बैंकसमक्ष प्रवाह हुनुपर्ने हो, सो हुन नसकी वा बैंकलाई प्राप्त हुन नसकी बैंकले त्यस्तो निर्देशनबमोजिम कार्य गर्न नसकेका कारण ।

ग. **शर्त बन्देजहरू एटीएम/डेबिट कार्डका लागि**

एनआईसी एशिया बैंक लि.मा व्यक्तिगत र/वा संयुक्त खाता/हरू भएका व्यक्तिहरूले निम्नानुसार शर्त बन्देजहरूमा रही एनआईसी एशिया भिसा/भिसा इन्टरनेशनल डेबिट कार्ड सेवा प्राप्त गर्न सक्नेछन् । प्रस्तुत शर्त बन्देजहरू यस बैंक तथा भिसा/भिसा इण्टरनेशनल डेबिट कार्डवाहकबीचको सम्झौता मानिनेछ ।

१. 'बैंक' भन्नाले एनआईसी एशिया बैंक लिमिटेड, 'कार्ड' भन्नाले ग्राहकलाई जारी गरिएको भिसा/भिसा इण्टरनेशनल डेबिट कार्ड/हरू, 'एटीएम' भन्नाले अटोमेटेड टेलर मेशिन भन्ने बुझ्नुपर्छ । 'डेबिट कार्ड' भन्नाले बैंकद्वारा जारी गरिएका भिसा/भिसा इण्टरनेशनल ब्राण्डका कार्डहरू हुन्, जुन भिसासञ्जालका एटीएम र/वा प्वाइण्ट अफ सेल्स (POS) मा प्रयोग गर्न सकिन्छ । 'कार्डवाहक' भन्नाले भिसा//भिसा इण्टरनेशनल डेबिट कार्डको आधिकारिक वाहक, 'पिन' भन्नाले व्यक्तिगत परिचय नम्बर, (POS) भन्नाले प्वाइण्ट अफ सेल्स बुझ्नुपर्छ ।

२. कार्डवाहकले पिन प्रयोग गरी भिसाकार्डहरू स्वीकार गर्ने एटीएम मेशिनबाट रकम झिक्न सक्नेछन् । यसरी झिकिएको रकम एवम् सम्बन्धित दस्तुरहरू खातावालाको खाताबाट डेबिट गरिनेछ ।

३. कार्डवाहकले पिन प्रयोग गरी विक्रेताले प्रयोगमा ल्याएका कार्ड वैध हुने मेशिनबाट वस्तु तथा सेवाको खरिद गर्न सक्नेछन् ।

४. बैंकले कार्डबाट गरिएका सम्पूर्ण कारोबारहरू तथा कार्डबाट झिकिएको रकम कार्डवाहकले निर्दिष्ट गरेको खाताबाट डेबिट गर्नेछ । यस प्रयोजनका लागि कार्डवाहकले आफूले निर्दिष्ट गरेको खाताबाट कारोबार रकमको अतिरिक्त कार्ड सेवा प्रदान गर्ने/प्रयोग गर्न दिने निकायबाट लगाइएको कुनै पनि सम्बन्धित दस्तुरहरू डेबिट गर्न अख्तियारी प्रदान गर्नेछ । कार्ड तथा कार्डसँग सम्बन्धित सम्पूर्ण शुल्क, दस्तुर एवम् लागू हुने ब्याज निर्दिष्ट गरिएको खाताबाट डेबिट

गरिनेछ । बैंकबाट समयसमयमा प्रकाशित हुने कार्ड जारी/पुनः जारी/वार्षिक सदस्यता शुल्क/पुनः पिनलगायत प्रशासनिक एवम् अन्य शुल्क/दस्तुर बैंकबाट निर्धारित STC बमोजिम निर्धारित हुनेछ ।

६. संयुक्त खाताको हकमा संयुक्त खाताका सम्पूर्ण सदस्यहरू संयुक्त रूपमा कार्डबाट गरिएका सम्पूर्ण कारोबारहरूका लागि उत्तरदायी हुनेछन् ।

७. कार्डवाहकले सदैव बैंकद्वारा समयसमयमा जारी गरिएका न्यूनतम मौज्दात खातामा उपलब्ध गराउनुपर्नेछ ।

८. कार्डवाहकले अनधिकृत रूपमा कार्डको प्रयोग तथा अरूले कार्ड प्रयोग नगर्ने गरी सम्पूर्ण सावधानी अपनाउनुपर्नेछ । कार्डको पिन कार्डवाहकलाई मात्र थाहा हुने गरी गोपनीयता कायम हुनुपर्नेछ । अनधिकृत प्रयोगमा बैंकले कुनै पनि दायित्व वहन गर्ने छैन र यसको सम्पूर्ण जिम्मेवारी कार्डवाहक मात्र हुनेछन् ।

९. कार्ड रद्द गर्ने र यसको प्रयोग बन्द गर्ने एकोहोरो अधिकार बैंकमा निहित हुनेछ । (कार्ड हस्तान्तरण अयोग्य हुनेछ ) कार्ड एक व्यक्तिबाट अर्को व्यक्तिलाई हस्तान्तरण गर्न मिल्ने छैन ।

१०. कार्ड सदस्यता समाप्ति अथवा कार्ड सुविधा नरहेको सूचनापश्चात् कार्डको प्रयोग ठगी (छलपूर्ण) हो र यो प्रचलित कानूनमा रही बैंकले कानूनी कारबाही गर्ने विषय बन्न सक्नेछ ।

११. कार्ड हराएमा चोरी भएमा अथवा पिन कोड बिर्सेमा अथवा दुर्घटनावश अरूलाई थाहा भएमा कार्डवाहकले बैंकलाई लिखित रूपमा तुरून्त जानकारी गराउनुपर्छ । कार्डवाहकको लिखित निवेदनमा लागू हुने शुल्क तिरी हराएका, चोरिएका कार्ड र बिर्सेका पिनको सट्टामा नयाँ कार्ड/पिन जारी गरिनेछ ।

१२. एटीएम तथा POS मा कारोबार गर्दा लगातार तीन पटकसम्म गलत पिन कोड हाल्दा कार्ड आफैं प्रयोग अयोग्य हुन्छ । यस्तो अवस्थामा कार्डलाई पुनः प्रयोगयोग्य बनाउन कार्डवाहकले बैंकलाई लिखित निवेदन दिनुपर्नेछ ।

१३. निवेदक बैंकको खातावाला भएको र कार्ड आवेदन फारम पूर्ण रूपमा भरी दस्तखत भई बैंकले स्वीकार गरेको अवस्थामा मात्र कार्ड जारी गरिनेछ ।

१४. कार्डवाहकले निम्न अवस्थामा बैंकलाई तुरून्त सूचना गर्नुपर्दछः

क. यदि कारोबारमा कुनै विवाद वा शंका लागेमा कारोबार भएको ३० दिनभित्र बैंकले निर्दिष्ट गरेको फाराममा कार्डवाहकको नाम कार्ड नम्बर, कारोबार मिति रकमसहितको विवरण पेश गर्नुपर्नेछ । यदि तोकिएको समयमा विवाद वा शंका लागेको कारोबार बैंकलाई जानकारी नगराए कार्डवाहकलाई हुने वित्तीय नोक्सानप्रति बैंक जिम्मेवार हुने छैन।

ख. कार्डवाहकको ठेगाना, टेलिफोन नम्बर परिवर्तन भएको खण्डमा यथाशक्य चाँडो बैंकलाई जानकारी गर्नुपर्नेछ ।

१५. विक्रेताले वा प्रदायकले कारोबारको माध्यमबाट रकम फिर्ता गरेको पोख्त निर्देशनमा बैंकले कार्डवाहकको खाता क्रेडिट गर्नेछ । पैसा फिर्ता पाउने क्रममा विक्रेता अथवा प्रदायकको ढिला सुस्तीबाट हुन जाने कुनै नोक्सानमा बैंक उत्तरदायी हुने छैन ।

१६. दैनिक रूपमा बैंकको आफ्नो एटीएमबाट रकम झिक्ने सीमा तथा नगद विवरण निर्धारण गर्ने अधिकार बैंकमा निहित हुनेछ ।

१७. विक्रेतास्थलमा कार्ड/एटीएम/POS बिग्रेर काम नगर्ने भएमा, मेशिनमा पैसाको अपर्याप्तता, प्राविधिक एवम् सुचारुमा समस्या भएर एटीएम तथा POS सेवा उपलब्ध नभएमा जस्ता कुनै पनि कारणबाट बैंक उत्तरदायी हुने छैन ।

१८. प्रस्तुत बन्देज तथा शर्तहरूमा कार्डवाहकको अपरिपालनताबाट बैंकमा पर्न जाने सम्पूर्ण नोक्सान, क्षति अथवा खर्चको सोधभर्ना कार्डवाहकबाट हुनेछ ।

१९. कार्डको सदस्यताको अन्त्य, कार्डसँग सम्बन्धित सुविधाहरू बन्द अथवा मिति गुज्रेका कार्डको नवीकरण नगर्ने र कारण नदेखाई कार्डवाहकलाई कार्ड समर्पण गर्न बोलाहट गर्ने अधिकार बैंकमा निहित हुनेछ ।

२०. कार्डवाहकले कार्ड खारेज गर्ने अथवा नवीकरण नगर्ने लिखित निर्देशन कार्डमा उल्लेख गरेको अन्तिम मितिको एक महिनाअगावै बैंकलाई प्रदान गर्नुपर्दछ, अन्यथा कार्ड नवीकरणमा लाग्ने शुल्क खाताबाट डेबिट गरी कार्ड नवीकरण गरिनेछ ।

२१. यस शर्त तथा बन्देजमा उल्लेख गरिएका कुनै बुँदा कुनै कारण अवैधानिक भएमा यसमा उल्लेखित अन्य शर्तहरू, वैधानिक रहनेछन् ।

२२. बैंकले उल्लेखित शर्त तथा बन्देजहरू, समयसमयमा आंशिक अथवा पूर्ण रूपमा संशोधन नयाँ बुँदा थप अथवा परिवर्तन गर्न सक्नेछ । कार्डवाहकले पूर्ण रूपमा यस्ता थप गरिएका, संशोधन अथवा परिवर्तन गरिएका शर्त बन्देजहरू स्वीकार र परिपालना गर्नुपर्नेछ ।

२३. कार्डवाहकको लापरबाहीले कार्डबाट जालसाजीपूर्ण कार्य भएमा बैंकको कुनै दायित्व र जवाफदेहिता रहने छैन ।

२४. कार्डवाहक सदैव बैंक तथा राष्ट्र बैंकको रकम झिक्ने नीतिको अधीनमा रहनेछन् । यदि सोअनुसार नगरेको पाइएमा बैंकले निजको कार्ड बन्द गर्ने, रद्द गर्ने र कार्डवाहक विरुद्ध कानूनी कारबाही गर्न सक्नेछ ।

२५. उल्लेखित शर्त तथा बन्देजहरू, कार्डवाहकले कार्ड प्राप्त गर्नेबित्तिकै लागू हुनेछ ।

२६. वैधता

क. कार्डको वैधता ५ वर्षको हुनेछ, कार्डवाहकको कार्ड नवीकरण नगर्ने लिखित अनुरोध नआएमा कार्ड स्वतः नवीकरण हुनेछ ।

ख. प्रयोगमा नल्याए पनि ५ वर्षको वैध अवधिसम्म सिष्टमबाट कार्ड स्वतः निष्क्रिय हुने छैन । तर, खाता निष्क्रिय भएमा खाता सक्रिय नभएसम्म कार्डबाट कारोबार नहुन सक्नेछ ।

२७. एक जना प्राकृतिक व्यक्तिका नाममा एउटै प्रकृतिको एकभन्दा बढी कार्ड वहन गर्न नपाउने कुराको मलाई जानकारी छ, तथा सोको पालना नभएमा मसँग भएका सम्पूर्ण कार्ड रद्द गर्न मेरो मञ्जुरी छ । कथंकदाचित एउटै प्रकृतिको एकभन्दा बढी कार्ड लिएको अवस्थामा बैंकलाई तुरून्त जानकारी गराउनेछु ।

**घ. शर्तबन्देजहरू आई टच इण्टरनेट बैंकिङ**

यस एनआईसी एशिया बैंकले प्रदान गर्ने आधारभूत आई टच (इण्टरनेट बैंकिङ) सेवालाई नियमन गर्ने शर्त बन्देजहरूको निम्नबमोजिम व्याख्या गर्दछ । ग्राहकले आई टच इण्टरनेट बैंकिङ सेवा (सुविधाहरू) प्राप्त गर्नका लागि बैंकसमक्ष

आवेदन गरेको छ र बैंकले उक्त सेवा प्रयोग गर्ने दुवै पक्षको योग्यताको परीक्षण र निर्धारण गरेको छ । दुवै पक्षहरूले देहायका शर्त बन्देजहरूको अक्षरशः पालना गर्ने गरी उपरोक्त सेवाहरू प्रदान गर्न र उपयोग गर्नका लागि मञ्जुर भएका छन् :

१. प्रदान गरिने सेवाको क्षेत्र, समय र प्रकारलाई समयसमयमा निर्धारण गर्ने र परिमार्जन गर्ने अधिकार बैंकसमक्ष निहित रहेको छ ।

२. प्रयोगकर्ता बैंकको ग्राहक हुनुपर्नेछ र बैंकको कुनै शाखामा निजको खाता रहेको हुनुपर्नेछ ।

३. सेवा प्रयोगमा दर्ता हुनासाथ ग्राहकले प्रतिज्ञा गर्दछ कि सेवाका सम्बन्धमा निजले बैंकलाई उपलब्ध गराएका सबै सूचनाहरू सत्य, पूर्ण, सान्दर्भिक र अध्यावधिक रहेका छन् ।

४. मैले यसै फारममा उल्लेख गरेका मोबाइल नम्बर र इमेल ठेगाना मेरो आफ्नै स्वामित्वमा रहेका छन् । उल्लेखित मोबाइल नम्बर र इमेल ठेगानामा बैंकले इण्टरनेट बैंकिङको लग इन पासवर्ड तथा कारोबारका लागि पटके पासवर्ड (OTP) पठाउने ब्यहोरा मेरो जानकारीमा छ र सोका लागि मेरो अनुमतिसमेत छ । मोबाइल वा इमेलको पासवर्ड चोरी भएको, हराएको वा अन्य कुनै लापरबाहीमूलक कामकारबाहीका कारण उल्लेखित मोबाइल नम्बर र इमेल ठेगानामा पठाइएको लगइन पासवर्ड तथा पटके पासवर्ड (OTP) को दुरुपयोगबाट भविष्यमा हुन सक्ने कुनै पनि कारोबारका लागि बैंकलाई दोषी मान्ने छैन ।

५. यी सेवाहरू बैंकद्वारा अधिकारप्रदत्त ग्राहकको एकल र विशिष्ट उपयोगका लागि मात्र हुन् ।

६. ग्राहकले सेवाको प्रयोग, इण्टरनेट साइटमा रहेका सूचना र/वा प्रतिवेदनहरू कुनै अवैध प्रयोजन वा क्रियाकलापका लागि प्रयोग गर्ने वा अरूलाई जानाजान त्यसो गर्न गराउन दिने छैन । त्यस्तो अनधिकृत प्रयोगको जानकारी हुनेबित्तिकै ग्राहकले तत्सम्बन्धमा बैंकलाई तुरून्त जानकारी गराउनेछ । तेस्रो पक्षले कथित् रूपमा गरेको कुनै पनि कारोबारका लागि बैंक जवाफदेही हुनेछैन ।

७. बैंकले इण्टरनेट साइट वा अनलाइन जिज्ञासाका सम्बन्धमा अन्यत्र तोकेका जुनसुकै विनिमय दर, ब्याज दर, कारोबार दर र सूचनाहरू सन्दर्भका लागि मात्र हुन् र ती बाध्यकारी होइनन् ।

८. ग्राहकले स्वीकार गर्दछ कि इण्टरनेटको माध्यमबाट निर्देशन, सूचना वा संचारको प्रसारण गर्दा समयको व्यवधान हुन सक्नेछ जसका लागि बैंकलाई जवाफदेही ठहराइने छैन ।

९. सेवा प्रयोजनका लागि ग्राहकको पहिचान गर्नका निमित्त प्रयोगकर्ता पहिचान कोड (User Name) र पासवर्डको निर्धारण गर्दा ग्राहकले बैंकले उपलब्ध गराएको निर्देशनको पालना गर्नेछ ।

१०. ग्राहकले जुनसुकै समयमा पासवर्ड परिवर्तन गर्न सक्नेछ । तर, निजले प्रयोगकर्ता नाम परिवर्तन गर्न सक्ने छैन ।

११. ग्राहकले प्रयोगकर्ता नाम र सम्बन्धित पासवर्ड गोप्य राख्नुपर्नेछ । जुनसुकै परिस्थिति र समयमा पनि निजले आफ्नो प्रयोगकर्ता नाम र सम्बन्धित पासवर्ड अरू कसैलाई जानकारी गराउने छैन ।

१२. कुनै अन्य व्यक्तिका सामु प्रयोगकर्ता नाम र/वा सम्बन्धित पासवर्डको भवितव्य/लापरबाही/र/वा अनधिकृत खुलासाका लागि ग्राहक पूर्ण रूपमा जिम्मेवार हुनेछ र अनधिकृत व्यक्तिहरूले अनधिकृत प्रयोजन वा कारोबारका लागि

त्यस्तो प्रयोगकर्ता नाम र/वा सम्बन्धित पासवर्डको दुरुपयोग गर्ने जोखिम निजले नै उठाउनुपर्नेछ। साथै, यस प्रकारको कार्यबाट निज तथा बैंकलाई समेत कुनै प्रकारको हानि नोक्सानी हुन पुगेमा सोको समेत सोधभर्ना प्रयोगकर्ता/ग्राहकले गर्नुपर्नेछ।

१३. सेवामा पहुँच राख्नका लागि ग्राहकले आफ्नो प्रयोगकर्ता नाम र सम्बन्धित पासवर्डको टाइप गर्नुपर्नेछ र बैंकलाई अनलाइन निर्देशन दिनुपर्नेछ। सेवाका सम्बन्धमा दिइएका निर्देशनहरू बैंकका लागि स्वीकार्य तवरबाट दिइनुपर्नेछ। बैंकलाई अस्वीकार्य हुने तरिकाले निर्देशन दिइएकोमा तिनको कार्यान्वयन गरिने छैन र सोबापतमा बैंकलाई जिम्मेवार ठहराइने पनि छैन।

१४. सेवाको सम्बन्धमा ग्राहकले बैंकलाई दिएका कुनै पनि निर्देशनहरू रद्द वा फिर्ता गर्न सकिने छैन। सेवा सम्बन्धमा दिइएका सबै निर्देशनहरू बैंकले असल नियतमा बुझेर कार्यान्वयन गरेको अवस्थामा निज ग्राहक आफैं वा अरू कसैले सो प्रयोगकर्ता नाम र सम्बन्धित पासवर्ड प्रयोग गरी ती निर्देशन दिए तापनि ती अपरिवर्तनीय र ग्राहकका लागि बाध्यकारी हुनेछन्। यसरी निर्देशन दिने व्यक्तिको पहिचान वा अख्तियारी रूजू गर्ने वा त्यस्तो निर्देशनको आधिकारिकता रूजू गर्ने कर्तव्य बैंकको हुने छैन। तर, बैंकले प्रयोगकर्ता नाम र सम्बन्धित पासवर्ड भने रूजू गर्नेछ।

१५. बैंकको अभिमतमा व्यावहारिक र औचित्यपूर्ण रहेको हदसम्म मात्र बैंकले कुनै निर्देशनउपर काम गर्नेछ र यसो गर्दा बैंकले नियमित व्यापारिक अभ्यास र कार्यविधिसमेत अवलम्बन गर्नेछ।

१६. बैंकले अनलाइनको माध्यमबाटै कुनै निर्देशन प्राप्त भएको र/वा कुनै कारोबार सम्पन्न गरिएको सम्पुष्टि वा सूचना उपलब्ध गराउनेछ। यस्तो सम्पुष्टि वा सूचना प्रसारण हुनेबित्तिकै ग्राहकले प्राप्त गरेको मानिनेछ र यस्ता सम्पुष्टि वा सूचनाहरू हेर्ने कर्तव्य ग्राहकको हुनेछ। साथै, यस्तै खालका अन्य सम्पुष्टि वा सूचना प्राप्त हुने समयावधिभित्रै कुनै सम्पुष्टि वा सूचना प्राप्त नभएमा सोबापतमा बैंकसँग खोजीनिती गर्नु पनि सम्बन्धित ग्राहकको कर्तव्य हुनेछ।

१७. इण्टरनेट साइटमा दिइएको कुनै खाता वा कारोबारसम्बन्धी सूचना सन्दर्भका लागि मात्र हो। यस्तो खाता वा कारोबारका सम्बन्धमा बैंकको अभिलेखमा रहेको सूचना तबसम्म निर्णायक मानिनेछ, जबसम्म सोको विरुद्धमा अन्य कुनै कुरा स्थापित हुँदैन।

१८. कुनै पनि कम्प्युटर वा साइबर अपराध (जस्तै : ह्याकिङ, फिसिङ, ट्रोजन वा भाइरस, इत्यादि) का लागि बैंक जवाफदेही हुने छैन र अवैध तथा जालसाजीपूर्ण विधिहरूद्वारा गरिएको कुनै पनि अनधिकृत कारोबारका लागि समेत बैंक उत्तरदायी हुने छैन।

१९. सेवाको प्रयोग र/वा समाप्तिका लागि शुल्क असुल गर्ने बैंकको अधिकार हुनेछ र ग्राहकलाई सूचना नदिईकन पनि यस्तो शुल्क समयसमयमा परिमार्जन गर्न सक्नेछ। यस्तो जुनसुकै शुल्कको दर निर्धारण गरी बैंकले समयसमयमा सोको जानकारी ग्राहकलाई गराउनेछ, जसको पालना गर्नु सम्बन्धित ग्राहकका लागि बाध्यकारी हुनेछ। बैंकले तोकेको विधि र अन्तरालमा ग्राहकबाट शुल्क उठाइनेछ। शुल्कका अतिरिक्त बैंकले इण्टरनेट बैंकिङ सेवा प्राप्त गर्नका लागि न्यूनतम मौज्दातको सीमा तोक्न सक्नेछ। **शुल्क र महशुलहरू:** बैंकबाट समयसमयमा प्रकाशित हुने

सेवा शुल्क, प्रशासनिक शुल्क, नवीकरणबापत शुल्क र पिन रिसेटबापत शुल्क Standard Tariff of Charges (STC) बमोजिम निर्धारित हुनेछ ।

२०. सेवा प्रदान गर्नका लागि बैंकले समयसमयमा औचित्यपूर्ण रूपमा अनुरोध गरी पठाएबमोजिम आवश्यक सूचनाहरू ग्राहकले उपलब्ध गराउनेछ ।

२१. प्रचलित कानूनबमोजिम सो सूचना तेस्रो पक्ष एजेण्टसहित अन्य कुनै व्यक्ति वा निकायलाई आवश्यकताअनुसार खुलासा गर्न बैंक स्वतः अधिकारप्राप्त हुनेछ ।

२२. जुनसुकै अवस्थामा पनि ग्राहकले सेवाको कुनै पनि अंश वा सोसँग सम्बन्धित कुनै सफ्टवेयर वा हार्डवेयरलाई बिगार्ने, भत्काउने, अनुवाद वा परिवर्तन गर्ने, थप्ने वा घटाउने, स्तरवृद्धि गर्ने, मेटाउने वा अन्य तरिकाले छेडछाड गर्ने छैन ।

२३. ग्राहकले स्वीकार र महसुस गर्दछ कि सूचना, प्रतिवेदन, तिनको फाराम, ढाँचा, सम्पादनको ढाँचा वा विधि, छनोट, बनावट, प्रस्तुति र अभिव्यक्ति यस बैंक र सम्बन्धित सूचकहरूका बौद्धिक सम्पत्ति (प्रतिलिपि, व्यापारिक चिन्ह, पेटेण्ट, प्रारूप, सिर्जना, आविष्कार इत्यादि), व्यापारिक गोप्यता, गोपनीय सम्पत्तिहरू हुन् । यी शर्त बन्देजहरूले प्रकट रूपमा अनुमति दिएकोमा बाहेक ग्राहकले न त देहायका कामकारबाही गर्नेछ, न त तिनको प्रयास नै गर्नेछः

- जुनसुकै स्वरूपको कुनै पनि गोपनीय सूचना जुनसुकै अन्य व्यक्तिलाई बेच्ने, हस्तान्तरण गर्ने, खुलासा गर्ने, जिम्मा दिने, प्रदान गर्ने, भाडामा दिने, सवलिय दिने, बाँड्ने, सापटी दिने, वितरण गर्ने, प्रसारण गर्ने, प्रचलनमा ल्याउने, डाउनलोड वा पुनरोत्पादन गर्ने, प्रतिलिपि निकाल्ने वा अन्य तरिकाले उपलब्ध गराउने वा प्रचार गर्ने वा कुनै पनि गोपनीय सूचनाको व्यापारिक दोहन गर्ने ।
- व्यापार चिन्ह वा प्रतिलिपि सूचनासहित कुनै पनि सम्पत्तिउपरको हक जनाउने पदार्थ वा चिन्हलाई मेटाउने, हटाउने, ध्वस्त गर्ने, अन्य ठाउँमा प्रयोग गर्ने वा कुनै पनि तरिकाले परिमार्जन गर्ने वा उपरोक्त विषयवस्तुहरूलाई अन्य कुनै कार्यक्रमहरूसँग आवद्ध गर्ने वा मिसाउने ।

२४. ग्राहक मञ्जुर गर्दछ कि माथिका विषयसँग सम्बन्धित सबै अधिकार, स्वामित्व र स्वार्थ र अन्य जुनसुकै सम्बन्धित प्रतिलिपि, पेटेण्ट, व्यापारिक चिन्ह, सेवाचिन्ह, साम्पत्तिक वस्तु, व्यापारिक गोप्यता र अन्य विशिष्ट सृजनाहरू बैंक र सम्बन्धित सूचकका विशिष्ट सम्पत्तिहरू हुन् । यी शर्त बन्देजहरूको अधीनमा रही जानकारी र प्रतिवेदनसम्म पहुँच पाउने अधिकारबाहेक अन्य कुनै पनि अधिकार, स्वामित्व र स्वार्थ ग्राहकलाई जानकारी गराइने वा हस्तान्तरण गरिने छैन । ग्राहकले पनि त्यस्तो कुनै अधिकार, स्वामित्व र स्वार्थ आफूमा रहेजसरी आफूलाई प्रस्तुत गर्न वा त्यस्तो कार्य गर्न पाउने छैन ।

२५. बैंकले कुनै सूचना उपलब्ध गरेमा यस्तो सूचना उपलब्ध गराउने सूचकको नाम प्रायः जसो जनाइनेछ । सूचकले उपलब्ध गराएको कुनै पनि सूचनामा भएको कुनै पनि टिप्पणीलाई बैंकले प्रमाणित तथा समर्थन गर्ने छैन । साथै

बैंकले कुनै पनि सूचना रुजू गर्ने वा परीक्षण गर्ने जिम्मेवारी पनि उठाउने छैन। त्यहाँ रहेको तथ्यांकको कानूनसंगतता, वैधता, पूर्णता, प्रभावकारिता, पर्याप्तता र कार्यान्वयन योग्यताका बारेमा बैंकले कुनै दायित्व वहन गर्ने छैन।

२६. बैंकले सेवासँग सम्बन्धित सबै प्रणालीहरू पर्याप्त सुरक्षा सावधानीका साथ जडान गरिएको कुरा सुनिश्चित गर्नका लागि औचित्यपूर्ण रूपमा व्यावहारिक कदमहरू चाल्नेछ, ताकि ती प्रणालीहरू सञ्चालनमा आउने जोखिमहरू नियन्त्रण र व्यवस्थापन गर्न सकियोस्। बैंक वा कुनै पनि सूचकले यस कुराको प्रत्याभूति गर्न सक्ने छैन कि त्यो सेवा र सूचना भाइरस वा अन्य ध्वंसात्मक पदार्थबाट मुक्त रहेको छ जसले ग्राहकको हार्डवेयर, सफ्टवेयर वा उपकरणलाई नोक्सान पुर्‍याउन सक्नेछ। प्रयोग, आयस्ता, मुनाफा वा बचतको नोक्सानीसहित जुनसुकै आनुसांगिक, परोक्ष, विशेष, परिणामजन्य वा उदाहरणीय क्षतिका लागि बैंक वा कुनै पनि सूचक ग्राहक वा अन्य कुनै व्यक्तिप्रति जिम्मेवार हुने छैन।

२७. ग्राहक वा अन्य आधिकारिक वा अनधिकृत व्यक्तिले प्रयोग गरेको कारणबाट सेवाको प्रयोग, पासवर्डको उपयोग र/वा इण्टरनेट साइटमा सूचनाको पहुँच वा अन्य सूचनाको सम्बन्धमा वा तीबाट उत्पन्न हुने सबै परिणामहरूका लागि ग्राहक आफैं सम्पूर्ण रूपमा उत्तरदायी हुनुपर्नेछ। ग्राहकले बैंकलाई, जुनसुकै सूचक र तिनका जिम्मेवार अधिकृत वा कर्मचारीहरूलाई निजको कारणबाट सृजना हुने वा सेवाको प्रावधान, इण्टरनेट साइटमा रहेको सूचना वा प्रतिवेदनको कारणबाट ग्राहकद्वारा सृजना हुने वा तीमध्ये कुनै उपर चलाइने सबै कामकारबाहीबाट उत्पन्न हुने सबै दायित्व, दाबी, माग, नोक्सानी, क्षति, लागत, शुल्क र कानूनी शुल्कसहित अन्य जुनसुकै ब्यहोराको खर्चप्रति पूर्णरूपले नोक्सानीबाट अधिरक्षा गर्नेछ। तर, बैंकको नियतवश गल्ती वा त्रुटिका लागि भने यो प्रावधान लागू हुने छैन। यी सुविधाहरूअन्तर्गत उल्लेखित खाताहरूमा गरिएको कुनै पनि कारोबारका लागि समेत ग्राहकले बैंकलाई नोक्सानीबाट अधिरक्षा गर्नेछ।

२८.बैंकले जुनसुकै समयमा कुनै सूचना वा कारण नदिईकन ग्राहकले प्रयोग गरिरहेको सबै वा केही सेवाहरू निलम्बन वा खारेज गर्न सक्नेछ

(वैधता)

क) सेवा सम्झौताको वैधता १ वर्षको हुनेछ।

ख) भुक्तान मिति सकिनुपूर्व नै ग्राहकले लामो समयसम्म प्रयोग नगरेमा पनि यो सेवा विच्छेद गर्न सकिनेछ। भुक्तान मिति सकिएको १ महिनाभित्र नवीकरण नगरिएमा पनि सेवा बन्द गर्न सकिनेछ।

२९. औचित्यपूर्ण समयभित्र बैंकलाई एक लिखित पूर्वसूचना दिएर पनि ग्राहकले सेवालाई कुनै पनि समयमा अन्त्य गर्न सक्नेछ।

३०. देहायको अवस्थामा सेवाहरूको वैधता समाप्त भई बैंकले तत्काल प्रभावबाट प्रयोगकर्तालाई निषेध गर्न सक्नेछ:

- तोकिएको खाता बन्द गरिएमा,
- प्रयोगकर्ताको निधन बारे बैंकको जानकारीमा आएमा वा जानकारी गराइएमा,

- तोकिएको खाता प्रयोग गर्ने प्रयोगकर्ताको अधिकार समाप्त भएको भनी बैंकलाई जनाउ दिइएमा,
- बैंकले इण्टरनेट बैंकिङ सुविधा बन्द गर्ने निर्णय गरेमा,
- ग्राहक वा प्रयोगकर्ता कालो सूचीमा परेमा र/वा कर्जा वा अन्य दायित्व तिर्न बुझाउन नसकेमा,
- समयसमयमा तोकिएबमोजिम ग्राहक वा प्रयोगकर्ताले न्यूनतम मौज्दात कायम राख्न नसकेमा,
- ग्राहक वा प्रयोगकर्ता ह्याकिङ, फिसिङ वा अन्य साइबर अपराधमा संलग्न भएको भेटिएमा वा सोको शंका लागेमा ।

३१. बैंकले समयसमयमा र जुनसुकै समयमा ग्राहकलाई जानकारी गराई वा नगराई यी शर्त बन्देजहरूलाई परिमार्जन गर्न र/वा थप शर्तबन्देजहरू लागू गर्न सक्नेछ । यसरी शर्त परिवर्तन भएपछि पनि ग्राहकले यी सेवाहरूको प्रयोग जारी राखेकोमा ती शर्त बन्देजहरू समेत ग्राहकका लागि बाध्यकारी हुनेछन् ।

३२. व्यक्तिगत रूपमा, हुलाकबाट, फ्याक्स, टेलेक्स वा ईमेलबाट पठाइएका सञ्चारहरू व्यक्तिगत रूपमा बुझाइएकोमा ग्राहकले बुझ्नासाथ प्राप्त भएको मानिनेछ भने अन्य माध्यमको हकमा ग्राहकले पछिल्लोपटक लिखित रूपमा बैंकलाई टिपाएको ठेगानामा छोडिएपछि निजले प्राप्त गरेको मानिनेछ । ग्राहकले बैंकलाई पठाएका सञ्चारहरू खुद प्राप्त भएको दिनमा बुझिलिएको मानिनेछ ।

३३. यस शर्त बन्देजका प्रत्येक प्रावधानहरू एकअर्काबाट अलग र पृथक छन् र कानूनी क्षेत्राधिकारबमोजिम एक वा बढी यस्ता प्रावधान गैरकानूनी, अवैध र कार्यान्वयन अयोग्य ठहर भएकोमा बाँकी प्रावधानहरूको कानून संगतता, वैधता र कार्यान्वयन योग्यता अन्य शर्तहरू कुनै पनि तरिकाले प्रभावित भएको मानिने छैन ।

३४. यी सेवाहरूको प्रयोग गरेर गरिएका व्यवहार वा कारोबारका लागि सबै ग्राहकहरू संयुक्त एवम् व्यक्तिगत रूपमा समेत उत्तरदायी हुनेछन् । साथै, यी शर्त बन्देजहरूबाट सबै ग्राहकहरू बाँधिनेछन् ।

३५. प्रसंगले अन्यथा ठहऱ्याएकोमा बाहेक व्यक्ति भन्नाले एक प्राकृतिक व्यक्ति, कम्पनी, संस्थान वा व्यक्तिहरूको एक असंगठित समूहलाई समेत जनाउनेछ ।

३६. यदि कानून, सरकारी नियम वा नियामक निकायका निर्देशनहरूले अह्राएमा यी शर्त बन्देजहरू संशोधन गरिनेछन्।

३७. यो सेवा र यी शर्तबन्देजहरू नेपाल कानूनबमोजिम नियमित र परिभाषित हुनेछन् ।

**ङ. शर्त बन्देजहरू (मोबाइल बैंकिङका लागि) :**

एनआईसी एशिया बैंक लि. (यसपछि 'बैंक' भनिएको) ले निम्न शर्त तथा बन्देजहरूको अधीनमा रही मोबाइल बैंकिङ सेवा सञ्चालन गर्नेछ ।

१. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस लिखतमा निम्न शब्द तथा वाक्यांशहरूको अर्थ निम्नबमोजिम हुनेछ ।

क. 'खाता' भन्नाले ग्राहकले यस बैंकमा सञ्चालन गरेको वा भविष्यमा सञ्चालन गर्ने बैंक खाता/वा अन्य कुनै प्रकारको खातालाई सम्झनुपर्छ ।

ख. 'ग्राहक' भन्नाले बैंकको ग्राहक वा बैंकमा खाता सञ्चालन गरेको कुनै व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले बैंकिङ सेवाका लागि आवेदन गरेको व्यक्तिलाई समेत सम्झनुपर्छ । संक्षेपमा यस शब्दले ग्राहकको मोबाइल फोनमार्फत प्रयोग गर्ने बैंकिङ सेवा बुझिनेछ ।

ग. 'मोबाइल बैंकिङ सेवा' भन्नाले स्रोत खाताबाट रकम जम्मा गर्नका लागि निर्दिष्ट गरिएको खातामा रकम हस्तान्तरण गर्ने तथा सोमा मात्र सीमित नभएर बिल भुक्तानी गर्ने (नेपाल टेलिकमको पोष्टपेड तथा प्रिपेड मोबाइल तथा पीएसटीएन लाइन आदि) तथा भविष्यमा थप हुन सक्ने अन्य भुक्तानीसमेतलाई सम्झनुपर्छ ।

घ. 'स्रोत खाता' भन्नाले यस बैंकमा ग्राहकले सञ्चालन गरेको खातालाई सम्झनुपर्छ । मोबाइलबाट सुविधा प्रयोग गरी भुक्तानीका लागि ग्राहकले दिएको निर्देशनबमोजिम भुक्तानी गरिएको रकम फरोफारकका लागि ग्राहकको स्रोत खातामा खर्च जनाइन्छ । ग्राहकले स्रोत खाता भनी निर्दिष्ट गरिएको खाताबाट मात्र मोबाइल भुक्तानी सुविधा प्राप्त हुन्छ ।

ङ. 'निर्दिष्ट खाता' भन्नाले मोबाइल बैंकिङ सेवामार्फत हस्तान्तरित रकम प्राप्त गर्ने व्यक्ति (Beneficiary) ले बैंकमा सञ्चालन गरेको खातालाई जनाउँछ, जसबाट सो सेवाबाट हस्तान्तरित रकम जम्मा/भुक्तानी हुन्छ ।

च. 'मोबाइल नम्बर' भन्नाले मोबाइल बैंकिङ सेवा उपलब्ध गराउने प्रयोजनका लागि ग्राहकले तोकिदिएको नम्बरलाई सम्झनुपर्छ ।

६. 'पिन' भन्नाले व्यक्तिगत परिचय नम्बरलाई सम्झनुपर्छ, जुन विशिष्ट र बैंकको आफ्नै प्रणालीले क्रमरहित तरिकाबाट उत्पादन गरेको हुन्छ । यो गोप्य पासवर्ड आधिकारिक व्यक्तिको पहुँचबाट मात्र सेवा प्राप्त गर्न प्रयोग गरिन्छ । (यसै तल उल्लेखित पिन शीर्षकमा पनि हेर्नुहोस् ।)

ज. 'सेवा प्रदायक' भन्नाले अन्य निकाय, व्यक्ति, आदिलाई सेवा प्रदान गर्ने तेस्रो पक्षलाई सम्झनुपर्छ ।

झ. नेपाल टेलिकम/एनसेल सेवा प्रदायक /वा मोबाइल सञ्जालको सञ्चालक हुन् ।

२. शर्त तथा बन्देजहरू लागू हुने अवस्था : उल्लेखित शर्त तथा बन्देजहरू ग्राहकले पेश गरेको निवेदनको अभिन्न अंगको रूपमा रहनेछन् । त्यसलाई बैंकले स्वीकार गरेपछि बैंक तथा ग्राहकबीच सम्पन्न करारको रूपमा रहनेछन । साथै, बैंकले सहमति जनाएको अवस्थामा प्रस्तुत शर्त बन्देजहरू अन्य सेवा प्रदायकहरूको सम्बन्धमा पनि लागू हुन्छन्।

३. आवेदन : यस सेवा प्रयोगका लागि बैंकले तोकेको ढाँचाबमोजिमको आवेदन ग्राहकले बैंकसमक्ष पेश गर्नेछ ।

४. ग्राहकको योग्यता : यो सुविधा उपयोग गर्न चाहने ग्राहक बैंक खाताको एकल खाता सञ्चालक वा स्वतन्त्र रूपमा कार्य गर्न अख्तियारी प्राप्त गरेको हुनुपर्नेछ । सबै मोबाइल सेटहरू यो सेवाको पहुँचका लागि योग्य मानिने छैनन् । ग्राहकको मोबाइल सेटको कमजोरीका कारण ग्राहकले यो सेवा प्राप्त गर्न नसकेमा वा यसको प्रयोग वा पहुँचको प्रयास वा सेवाको प्रयोगको परिणामस्वरूप ग्राहकको मोबाइल सेट हराएमा वा बिग्रेमा बैंक जिम्मेवार हुनेछैन ।

५. संक्षिप्त सन्देश सेवा : संक्षिप्त सन्देश सेवालाई सेवा प्राप्तिका लागि सञ्चारको एक विधिको रूपमा प्रयोग गरिनेछ । ग्राहकले तोकेको/दर्ता गरेको मोबाइल नम्बर र बैंकले तोकेको नम्बर (३४४८८) बाट संक्षिप्त सन्देश सेवा आदान प्रदान गरिनेछ । तर, सेवाका सम्बन्धमा ग्राहकबाहेक अन्य व्यक्तिको संक्षिप्त सन्देश सेवामा पहुँच पुगेका कारणले ग्राहकले कुनै प्रकारको हानि नोक्सानी व्यहोर्नुपरेमा बैंक जिम्मेवार हुनेछैन ।

**(SMS)**

६. पिन : पिनको सुरक्षा कायम गर्नका लागि ग्राहकले पर्याप्त उपायहरूको अवलम्बन गर्नेछ र पिनको प्रयोगबाट तोकिएको खातामा कारोबार गर्नका लागि बैंकलाई पर्याप्त अख्तियारी प्रदान भएको छ । यस अख्तियारीअन्तर्गत बैंकले काम गर्न सक्नेछ र सो कामका लागि थप सोधपुछ गर्न बैंक बाध्य हुने छैन । साथै, संक्षिप्त सन्देश सेवामा निहित जोखिम तथा तेस्रो पक्ष (सेवा प्रदायक) मा भर पर्नुपर्ने भएका कारणले यो माध्यम सन्देश सम्प्रेषणको अति सुरक्षित माध्यम होइन भन्ने कुरा ग्राहकले स्वीकार गरेको छ । तसर्थ, निम्नबमोजिमका नियन्त्रित उपायका माध्यमहरू अवलम्बन गरी ग्राहकले आफूलाई सुरक्षित गर्नेछन् । ग्राहकले अनिवार्य रूपमा निम्न काम गर्नेछन् :

- तपाईंको पिनको लिखित वा विद्युतीय कुनै रूपमा पनि अभिलेख नराख्ने, त्यसलाई नलेख्ने, कसैलाई नदेखाउने वा पिनको पहुँचमा कसैलाई अनुमति नदिने । परिवारको सदस्य वा बैंकका कर्मचारीलगायत त्यससँग प्रत्यक्ष सम्बन्धित अधिकारी कसैलाई पनि यसको जानकारी नदिने ।
- यसलाई कुनै लापरबाही वा हेलचेक्र्याइँ देखाउने काम नगर्ने । यसलाई अरूले पत्ता लगाउनबाट रोक्नका लागि आवश्यक सतर्कता अपनाउने ।
- बैंकबाट आएका वा बैंकमा पठाएका सबै SMS हरूलाई नमेटाईकन मोबाइल सेटलाई यसै नछाड्ने ।
- मोबाइल सेटलाई लक गर्ने वा सेवाको अनधिकृत प्रयोगलाई रोक्नका लागि अन्य आवश्यक उपाय अवलम्बन गर्ने र मोबाइल सेट चोरी भएमा वा हराएमा वा मोबाइल नम्बर परिवर्तन गरेमा तत्काल बैंकमा खबर गर्ने ।
- सेवामा अनधिकृत रूपमा हुने पहुँच रोक्नका लागि अन्य कुनै वा सबै आवश्यक कार्य गर्ने ।
- यदि पिन कसैसँग प्रकट भएमा वा देखिने सम्भावना भएमा ग्राहकले त्यसलाई तत्काल परिवर्तन गर्नुपर्नेछ । बैंकले ग्राहकलाई नियमित रूपमा पिन परिवर्तन गर्नका लागि प्रोत्साहन गर्छ ।

७. उपलब्धता र प्रकटिकरण:

बैंकले समयसमयमा निर्णय गरेबमोजिम त्यस्ता सेवाहरू ग्राहकलाई उपलब्ध गराउन प्रयत्न गर्नेछ । बैंकले आफ्नो स्वविवेकमा त्यस्ता सेवाहरू थप घट गर्न सक्नेछ । बैंकले आफ्ना ग्राहकहरूलाई निश्चित मोबाइल नेटवर्क सञ्चालक (हरू) द्वारा सञ्चालित मोबाइल प्रयोग गर्न ग्राहकहरूलाई प्रस्ताव गर्ने अधिकार आाफूमा सुरक्षित गरेको छ । तोकिएको मोबाइल फोन नम्बरबाट मात्र ग्राहकको सेवाको पहुँचलाई निश्चित गरिनेछ ।

मोबाइल फोन नम्बर प्रमाणित गर्ने माध्यमबाट ग्राहकको प्रमाणित गरी पिन प्रदान गरेर वा आफ्नो स्वविवेकमा बैंकले तोकेको प्रमाणीकरणको माध्यमबाट ग्राहकको प्रमाणीकरण भइसकेपछि मात्र ग्राहकको निर्देशन लागू गरिनेछ। तेस्रो पक्ष सेवा प्रदायक र सञ्चालन प्रणालीको असफलताका कारण वा कुनै कानूनी प्रावधानलगायत अन्य जुनसुकै कारणले आफ्नो काबुबाहिरको परिस्थिति सृजना भई कुनै निर्देशनलाई कार्यान्वयनमा ढिलाइ भएमा बैंक जिम्मेवार हुनेछैन ।

दैवी प्रकोप, कानूनी बन्देज, मोबाइल नेटवर्क प्रदायकको त्रुटि वा लापरबाही, नेटवर्कको अभाव, सेवाप्रदायक तेस्रोपक्षलगायत अन्य पक्षको कारणमा मात्र सीमित नभई बैंकको काबुभन्दा बाहिरको कुनै पनि परिस्थितिको सृजनाबाट सेवा उपलब्ध हुन नसक्ने अवस्था भएमा बैंकलाई उत्तरदायी बनाइने छैन । ग्राहकको वा अन्य तेस्रो व्यक्तिको आडमा गरेको कुनै कामको परिणामस्वरुप उत्पन्न परिस्थितिबाट प्रत्यक्ष, अप्रत्यक्ष, आकस्मिक, परिणामिक र अनपेक्षित जस्तोसुकै नोक्सानी भएको र सोबाट राजस्वको क्षति, व्यवसायमा उत्पन्न अवरोध वा अन्य कुनै प्रकारको वा प्रकृतिको जस्तोसुकै क्षतिको दाबी गरिएको किन नहोस्, त्यस्तो कुनै अवस्थामा पनि बैंक जिम्मेवार हुने छैन । सेवाको अवैध वा अनुचित प्रयोग गरेमा त्यसबाट उत्पन्न आर्थिक दायित्वबापत बैंकले निर्धारण गरेबमोजिमको शुल्क बुझाउने जिम्मेवारी ग्राहकको हुनेछ ।

८. बैंकको अधिकार :

ग्राहकले मोबाइल भुक्तानीलाई कार्यान्वयन गर्न निजका सवै खाताहरूमा पहुँचका लागि बैंकलाई अपरिवर्तनीय र निःशर्त रूपमा अख्तियारी प्रदान गर्दछ । ग्राहकले बैंकलाई आवश्यकताअनुसार ग्राहकको अनुरोधलाई स्वीकार गर्ने/कार्यान्वयन गर्ने प्रयोजनका लागि निजको खाताको जानकारी तेस्रो पक्षलाई समेत उपलब्ध गराउनका लागि थप अख्तियारी प्रदान गर्दछ ।

९. अभिलेख :

कारोबारको समयलगायत ग्राहकले सेवा उपभोग गरेबापतको बैंकले अभिलिखित गरी तयार गरेका कारोबारको सम्पूर्ण अभिलेखहरू कारोबारको वास्तविकता तथा सत्यताका लागि निर्णायक प्रमाणको रूपमा रहनेछन् । कारोबारको विवरणको अभिलेख तयार गर्नका लागि ग्राहकले बैंकलाई व्यक्त रूपमा यसैमार्फत अख्तियारी प्रदान गर्दछ ।

१०. निर्देशन:

सेवा उपलब्ध गराउनका लागि दिइने सबै निर्देशनहरू बैंकले किटान गरिदिएको तरिकाबमोजिम मोबाइल फोन नम्बरमार्फत दिइनेछ । ग्राहकले बैंकलाई दिएका निर्देशनहरू नै निजलाई सेवा उपलब्ध गराउनका लागि पर्याप्त भएको मानिने हुनाले त्यस्ता निर्देशनको सत्यता र आधिकारिकताका लागि ग्राहक नै जिम्मेवार हुनेछन् । यस सेवामाथिको पहुँच मोबाइल फोन नम्बरबाट मात्र हुनेछ र सोमार्फत शुरू भएका कुनै पनि कारोबारहरू, चाहे ती ग्राहकबाटै भएका हुन् वा नहुन्, ग्राहकबाट नै भएको मानिनेछ भन्ने कुरालाई ग्राहकले स्वीकार गरेको छ ।

११. दायित्वमाथिको इन्कारी :

जुन भौगोलिक क्षेत्रभित्र सेवा उपलब्ध गराउने भनी तोकिएको छ, सो तोकिएको क्षेत्रभित्र ग्राहक नरहेको कारणले ग्राहकको तर्फबाट भएको कमजोरीका कारणले निजले सेवा प्राप्त गर्न नसकेमा त्यस्तो ग्राहककै तर्फबाट भएको कमजोरीबाट सृजित दायित्वको जिम्मेवारी बैंकले वहन गर्ने छैन । यदि ग्राहकको मोबाइल नम्बर अन्य व्यक्तिलाई दिइएको छ/दिइयो/ निजको खातामा अनधिकृत कारोबार भयो/ निजको मोबाइल नम्बर हरायो भन्ने विश्वास गर्ने कारण ग्राहकसँग भएमा निजले बैंकलाई तत्काल लिखित रूपमा जानकारी गराउनुपर्ने छ । निम्न अवस्थामा बैंक उत्तरदायी हुने छैन भन्ने कुरामा ग्राहक मञ्जुर गर्दछ :

क) ग्राहकले जानीजानी वा अञ्जानमा पिन तेस्रो व्यक्तिलाई उपलब्ध गराएकोमा सोको परिणामस्वरुप सेवाको अनुचित प्रयोग भएमा,

ख) ग्राहकले यहाँ उल्लेखित कुनै पनि शर्त बन्देजको उल्लंघन गरेमा,

ग) ग्राहकको खातामा अनधिकृत प्रवेश भएको छ वा त्रुटिपूर्ण कारोबारहरू भएको छ भन्ने कुराको उचित समयभित्र ग्राहकको तर्फबाट बैंकलाई लिखित रूपमा जनाउ वा जानकारी नदिएको परिणामस्वरूप ग्राहकले रकम तिर्नुपर्ने भएमा वा निजलाई क्षति भएमा,

घ) ग्राहकको मोबाइल फोन नम्बर परिवर्तन भएको वा बन्द भएको कुराको ग्राहकको तर्फबाट बैंकलाई लिखित रूपमा जानकारी गराउन नसकेको परिणामस्वरूप कुनै नोक्सानी भएमा ।

१२. हर्जना :

बैंकले प्रदान गरिरहेको सेवाका सम्बन्धमा, सेवाको प्रयोग गर्दा सुरक्षित र जोखिमरहित काम गर्न तथा ग्राहकको निर्देशनबमोजिम कुनै कार्य गर्दा वा नगर्दा वा काम गर्न अस्वीकार गर्दाको परिणामस्वरूप बैंकबाट वा बैंकको विरुद्धमा भएका सबै कारबाहीहरू, दाबीहरू, सुनुवाइहरू, हानि नोक्सानी, खर्च, शुल्क तथा लागत वा जेसुकै भए पनि बैंकले तिर्न ब्यहोर्न वा केही समय राख्नुपर्नेलगायतका समस्या ब्यहोर्नुपर्ने अवस्था सृजना भएमा सोको सोधभर्ना गर्न ग्राहक मञ्जुर गर्दछ । मोबाइल सञ्जाल सेवा प्रदायकको तर्फबाट भएको असफलता वा विसंगतिका कारण बैंकले सेवा प्रदान गर्न नसकेमा वा ढिलो हुन गएमा सोका कारण ग्राहकले कुनै हानि वा नोक्सानी ब्यहोर्न पर्ने अवस्था सृजना भएमा बैंक जिम्मेवार हुने छैन ।

निम्न कुराको परिणामस्वरूप कुनै हानि नोक्सानी हुन गएमा ग्राहकले बैंकलाई नोक्सानीको सोधभर्ना गर्न मञ्जुरी गर्दछ ।

क) यदि ग्राहकले तेस्रो व्यक्तिलाई सेवा प्रयोग गर्न अनुमति दिएमा,

ख) यदि ग्राहकले निजको मोबाइल फोन अन्य व्यक्तिले प्रयोग गर्न अनुमति दिएमा वा मोबाइल फोनलाई जथाभावी छाडेमा वा हराएमा,

१३. शुल्क र महशुलहरू : बैकबाट समयसमयमा प्रकाशित हुने सेवा शुल्क, प्रशासनिक शुल्क, नवीकरणबापत शुल्क र पिन रिसेटबापत शुल्क बैंकको निर्धारित Standard Tariff of Charges (STC) बमोजिम निर्धारण हुनेछ ।

१४. संशोधन वा हेरफेर : ग्राहकलाई पूर्वजानकारी दिई वा नदिई कुनै पनि समयमा कुनै पनि शर्त बन्देजहरूमा परिवर्तन गर्ने वा थप गर्ने पूर्ण स्वविवेकीय अधिकार बैंकमा सुरक्षित रहेको छ । त्यसरी परिवर्तन वा थप गरिएको शर्त बन्देजहरू तत्काल लागू हुनेछन् र ग्राहकका लागि बाध्यकारी पनि हुनेछन् ।

१५. सेवा सुविधाको समाप्ति : ग्राहकले बैंकलाई लिखित जानकारी दिएर कुनै पनि समयमा सेवा सुविधाको समाप्तिका लागि अनुरोध गर्न सक्नेछ । सेवा समाप्ति हुनुभन्दा पूर्व ग्राहकको मोबाइल नम्बरमार्फत भएको कारोबारको हकमा निजको जिम्मेवारी रहिरहनेछ । बैंकले ग्राहकलाई पूर्वजानकारी नदिई आफ्नो स्वविवेकमा कुनै पनि समयमा सेवालाई सम्पूर्ण वा आंशिक रूपमा स्थगित वा बन्द गर्न सक्नेछ । बैंकले मर्मत सम्भार तथा जिर्णोद्धार गर्नुपर्ने भएमा, सुरक्षा

वा अन्य कारणले कुनै आकस्मिक परिस्थितिको सृजना भई सेवा स्थगित गर्नुपर्ने परिस्थिति सृजना भएमा ग्राहकलाई पूर्वजानकारी नदिई आफ्नो स्वविवेकमा सेवालाई कुनै पनि समयमा निलम्बन गर्न सक्नेछ। बैंकले सेवालाई स्थगित गरेको वा समाप्त गरेको उपयुक्त सूचना दिन वा नदिन सक्नेछ । ग्राहकको खाता बन्द भएपछि सो सेवा स्वतः समाप्त हुनेछ । बैंकले पूर्वसूचनाबिना नै सेवालाई स्थगित वा समाप्त गर्न सक्नेछ । यदि ग्राहकले उल्लेखित शर्त तथा बन्देजहरू उल्लंघन गरेमा वा यदि ग्राहकको मृत्यु भएको, तिर्नु बुझाउनु पर्ने शुल्क/दस्तुर नबुझाएको, दामासाहीमा परेको, कानूनी व्यक्तित्व गुमाएको कुरा बैंकलाई जानकारी भएमा वा बैंकले उपयुक्त ठहऱ्याएको अन्य अवस्थामा बैंकले सेवा बन्द वा स्थगित गर्न सक्नेछ ।

१६. वैधता :

यो सेवाको अवधि एक वर्षको लागि हुनेछ। मोबाइल बैंकिङ सुविधा एक वर्षपछि स्वतः नवीकरण हुनेछ। यदि ग्राहकलाई यो सुविधा नचाहेको खण्डमा बैंकलाई म्याद नाघ्न एक महिनाअगावै लिखित रूपमा सूचित गर्नुपर्नेछ। बैंकले निम्न शर्त तथा बन्देजहरूको अधीनमा रही मोबाइल बैंकिङ सेवा सञ्चालन गर्नेछ । बैंकबाट समयसमयमा प्रकाशित हुने सेवा शुल्क, प्रशासिनक शुल्क, नवीकरणबापत शुल्क र पिन रिसेटबापत शुल्क Standard Tariff of Charges (STC) बमोजिम निर्धारण हुनेछ ।

क. सूचनाहरू यसमा उल्लिखित शर्त बन्देजहरूमा अन्यथा उल्लेख भएकामा बाहेक यस सम्बन्धमा बैंकले पठाउने कुनै पनि मागदाबी वा सूचना वा जानकारी मैले दिएको ठेगाना (वा समयसमयमा मैले बैंकलाई जानकारी गराएको अन्य ठेगाना) मा लिखित रूपमा पठाइने छ र हुलाक वा कुरियरबाट पठाइएको खण्डमा जुन मितिमा पठाइएको हो, सोही मितिमा मेरो नाममा तामेल भएको वा मैले प्राप्त गरेको मानिनेछ ।

ख. शर्त बन्देजहरूउपर स्वीकारोक्ति माथि उल्लिखित शर्त तथा बन्देजहरू समयसमयमा हेरफेर वा परिवर्तन गर्ने अधिकार बैंकमा सुरक्षित रहने कुरालाई म स्वीकार गर्दछु । त्यसरी हेरफेर वा परिवर्तन भएका शर्तबन्देजहरू सो सम्बन्धमा मलाई सूचना दिनासाथ लागू हुनेछन्। त्यस्तो सूचना बैंकको सूचना पाटीमा १५ दिनसम्म राखिएमा रीतपूर्वक मलाई दिएको मानिनेछ। खाता वा यसमा उल्लिखत शर्त बन्देजहरूअनुरूप मैलै बैंकउपर गर्न सक्ने कुनै पनि माग दाबीहरू बैंकका कर्मचारीहरूको जालसाजी वा बदनियतपूर्ण काम कारबाहीमा आधारित भएको अवस्थामा बाहेक मैले गर्न सकेको सबै खाले माग दाबीहरू यसै लिखतबाट गर्ने कुरामा मेरो मञ्जुरी छ। यसमा उल्लिखित शर्त बन्देजहरूका सम्बन्धमा बैंकले गरेको व्याख्या मेरा लागि अन्तिम र मान्य हुनेछ । उपरोक्त शर्त बन्देजहरूउपरको मेरो स्वीकारोक्तिस्वरूप आवेदन फारममा मैले हस्ताक्षरपूर्व उक्त शर्तबन्देजहरू पढी, वाची सोको मतलब तथा परिणाम बुझेको ठीक साँचो हो ।

च. शर्त तथा बन्देजहरू (अनलाइनमार्फत खोलिने खाताहरूका लागि) **Additional Terms and conditions for Online Account:**

१. बैंकको आधिकारिक वेबसाइट वा अन्य आधिकारिक मोबाइल एप्लिकेशनमार्फत अनलाइन खाता खोल्न निवेदन दिएकोमा मैले बैंकसमक्ष पेश गरेको विवरण तथा कागजातमा बैंक सन्तुष्ट नभएमा मलाई कुनै जानकारी दिई वा नदिई बैंकले कुनै पनि समयमा मैले बैंकसमक्ष पेश गरेका कागजातहरूका आधारमा खाता खोल्न अस्वीकार गर्न सक्ने कुरामा मेरो पूर्ण मञ्जुरी छ ।

२. मैले अनलाइनमार्फत खाता खोल्नका लागि बैंकसमक्ष पेश गरेको निवेदन बैंकले स्वीकार गरी मलाई खाता नम्बर प्रदान गरिसकेको अवस्थामा खाता खोलिएको बैंकको शाखामा गई ल्याप्चे तथा सहीछाप नगर्दासम्म मेरो खाता, रकम जम्मा गर्न मिल्ने तर झिक्न नमिल्ने गरी बैंकले रोक्का (डेबिट फ्रिज) गर्ने सम्बन्धमा म पूर्ण जानकार छु र उक्त शर्तमा मेरो पूर्ण मञ्जुरी रहेको छ ।

३. मैले अनलाइनमार्फत खोलेको खाता सञ्चालनमा आएको मितिले ३ (तीन) वर्षभित्रमा खाता खोलिएको बैंकको शाखा कार्यालयमा म स्वयम् उपस्थित भई ल्याप्चेसहित सहीछाप गरी खाता अध्यावधिक गर्न असमर्थ भएमा उक्त खाता बैंकले पूर्ण रूपमा कारोबार रोक्का राख्न तथा खाता खोलेपश्चात् कुनै पनि कारोबार नभएको अवस्थामा खाता बन्द गर्नसमेत बैंकलाई पूर्ण अधिकार रहेको कुरामा मेरो मञ्जुरी छ ।

४. खाता खोल्ने क्रममा वा खाता सञ्चालनमा आएपश्चात् बैंकले समयसमयमा माग गरेको/गर्न सक्ने कागजात तथा अन्य विवरणहरू फोन, इमेल वा अन्य कुनै माध्यमबाट माग भई आएमा उक्त कागजात तथा विवरणहरू निर्धारित समयमा वा बैंकले तोकेको समयमा बुझाउने कुरामा मेरो मञ्जुरी रहेको छ ।

५. अनलाइनमार्फत खोलिने मुद्दति खाताको हकमा बैंकको आधिकारिक वेबसाइट वा अन्य कुनै आधिकारिक मोबाइल एप्लिकेशनमार्फत खाता खोल्न आवेदन दिने क्रममा मैले बैंकमा खाता खोल्ने क्रममा पेश गर्ने One Time Password (OTP) अनलाइन आवेदन फाराममा प्रवृष्ट गरी बैंकसमक्ष पेश गरेको उक्त मुद्दति खाता खोल्नेसम्बन्धी निवेदकको आवेदन मेरो आधिकारिक निवेदन हुने कुरामा मेरो पूर्ण मञ्जुरी छ ।

६. मेरो अनलाइन निवेदन स्वीकार गरी बैंकले खाता खोलिएको अवस्थामा बैंकले प्रदान गर्दै आएको I Touch Intenet Banking सुविधामा सोधपुछ मात्र (Inquiry Only) सुविधा प्रदान गरी बैंकले मलाई अनलाइन खाताको विवरण हेर्ने सहजता उपलब्ध गराउने कुरामा म जानकार छु ।

छ. One Time Password (OTP) मार्फत गरिने अन्य कारोबार सम्बन्धमा :

१. बैंकको विद्यमान अनलाइन प्रणालीमार्फत प्रदान गर्ने सेवा सुविधाहरू तथा भविष्यमा प्रदान गर्न सक्ने अनलाइन सेवा/सुविधा/कारोबारको मैले प्रयोग गर्ने क्रममा उक्त सेवा/सुविधा/कारोबारहरूको आधिकारिकता प्रमाणित गर्नका लागि बैंकले प्रदान गर्ने One Time Password (OTP) मैले बैंकमा प्रदान गरेको रजिष्टर्ड मोबाइल नम्बरमा पठाउने र मैले आफूले अनुरोध गरेको कुनै पनि सेवा/सुविधा/कारोबारहरू उक्त One Time Password (OTP) बैंकले अनलाइन अनुरोध फारम (Online Request Form) मा प्रविष्ट गरी बैंकसमक्ष अनलाइन पेश (Submit)

गरेपश्चात् बैंकले मेरो निवेदन आधिकारिक मानी उक्त अनुरोधअनुसारको सेवा/सुविधा/कारोबारहरू कार्यान्वयन गर्न सक्ने कुरामा मेरो पूर्ण मञ्जुरी छ ।